नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शैक्षिक परामर्श तथा अनुमतिकरण शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- २०८१/८२
चलानी नं.:-

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**शैक्षिक परामर्शदातृ निकायहरु, सवै प्रकारका सेवाग्राहीहरु र अन्य सरोकार पक्षहरुमा शैक्षिक परामर्श सेवा दिने र लिने कार्य सम्बन्धी जरुरी सूचनाः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिक २०७३ बमोजिम शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा र तयारी कक्षा सञ्चालनको लागि स्वीकृति प्राप्त गरेका संस्थाहरुलाई सार्वजनिक सूचना जारी गरी नवीकरणका लागि आह्वान भए बमोजिम नवीकरण कार्य जारी रहेको छ ।यस मन्त्रालयबाट हाल सम्म नवीकरण भएका सँस्थाहरुको सूची सँलग्न । तोकिएको समयमा निवेदन दिएका तर सम्पूर्ण कागजात पेश गर्न बाँकी रहेका संस्थाहरुको कागजात प्राप्त भएपछि आवश्यक अध्ययन तथा छानविन गरी थप सूची क्रमशः प्रकासन गरिने छ ।हाललाई देहाय बमोजिम गर्नु गराउनु हुन नवीकरण भएका संस्थाहरु, परामर्श लगायतका सेवा प्राप्त गर्ने विद्यार्थी तथा अभिभावकहरुमा अनुरोध गर्दै अन्य सरोकार निकायहरुलाई नियमनमा सहयोगको अपेक्षा सहित यो सूचना प्रकासन गरिएको छ ।

(क) शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा तथा तयारी कक्षा सञ्चालन अनुमति पाएका संस्थाहरुका लागिः-

१) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट संस्था सञ्चालनका लागि पाएको स्वीकृति पत्र र आर्थिक बर्ष २०८१/८२ का लागि कार्य सम्पादन गर्न अनुमति पाएको नवीकरण पत्र सवैले देख्ने स्थानमा राख्ने,

२) वैदेशिक शैक्षिक परामर्श सेवा उपलब्ध गराउदा फ्री भिसा, रोजगरीको ग्यारेण्टी तथा डिपेन्डेन्ट भिसा उपलब्ध गराइने जस्ता प्रलोभनयुक्त प्रभाव नपार्ने,

३) नवीकरणका साथ पेश भएका विदेशी शैक्षिक संस्थाले प्रतिनिधि तोकेका कागजातको आधिकारीकता पुष्टी खुल्ने लिंक सार्वजनिक गरी मन्त्रालयमा समेत पेश गर्ने,

४) सेवा प्रदान गरेका विद्यार्थीहरुसँग भएको सम्झौता सहित अन्य अभिलेख दुरुस्त राख्ने ।

५) आफ्नो संस्थाको परामर्शबाट बैदेशिक अध्ययन/तालिममा जाने विद्यार्थीहरुले प्राप्त गर्नु पर्ने NOC मा संस्थाको नाम अनिवार्य जनाउने व्यवस्था मिलाउने,

६) मन्त्रालयबाट अनुमति प्राप्त नगरी शैक्षिक मेला, भेला तथा शैक्षिक प्रदर्शनी लगायता कार्यहरु नगर्ने,

७) मन्त्रालयको अभिलेखमा कायम नरहेका विश्वविद्यालय तथा शिक्षण संस्थाहरुमा अभिलेखीकरण सम्बन्धी प्रक्रिया पुरा नगरी विद्यार्थीलाई अध्ययनको लागि सिफारिश नगर्ने,

८) यस भन्दा अगाडी मन्त्रालयबाट जारी भएका सूचनाहरु कार्यान्वयन गर्ने ।



Scanned with CamScanner

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-२०८१/८२
चलानी नं.:-

(ख) विद्यार्थी तथा अभिभावकहरुका लागिः

१) बैदेशिक शैक्षिक परामर्शका लागि अनुमति पाएका संस्थाहरुबाट मात्र सेवाग्राहीहरुले परामर्श सम्बन्धी सेवा लिने । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत प्राप्त संस्था हो होइन स्वीकृति पत्र र नवीकरण भएको पत्र हेरी आवश्यक परेको अवस्थामा मन्त्रालयको वेबसाइटबाट एकिन भएर मात्र सेवा लिने,

२) परामर्श सेवा, भाषा शिक्षण तथा तयारी कक्षाको सेवा लिदा लाग्ने सेवा शुल्क र अन्य प्रवन्ध समेत खुलाई संस्थासँग सम्झौता गर्ने र एक प्रति आफूले पनि राख्ने,

३) आफुले अध्ययन गर्न चाहेको विश्वविद्यालय/ शिक्षण संस्थाले उपलब्ध गराउने उपाधी, तह र अवधिको समकक्षता तथा त्यसको बैधानिकता बारेमा सुसूचित हुने,

४) संस्थासँग भएको दोहोरो सम्झौताको पालना गर्ने र सम्झौतामा उल्लेख भए भन्दा विपरित कार्य भएमा एक प्रति सम्झौता सहित मन्त्रालयमा निवेदन गर्ने,

(ग) अन्य सरोकार पक्षहरुका लागिः

१) कुनै पनि संस्था कानुन सम्मत स्थापना नभएको र सम्बन्धित मन्त्रालयबाट सेवा प्रदानको अनुमति लिएको रहेनछ भने स्थानीय प्रशासन र प्रहरीलाई जानकारी गराई सहयोग गर्ने ।

मितिः २०८१/११/२८

सेमन्तराज कोइराला
उपसचिव

फोन नं.:
वेबसाइटः www.moest.gov.np

Scanned with CamScanner